नेत्रावती डबजोड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सेमजोङ, धादिङ
३ नं. प्रदेश, नेपाल

## टोडके कुपिण्डे सेमजोङ सडकस्तरोन्नती गर्ने कार्यको बोलपत्र आह्वान बारे सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५/१२/१५

आ.व.०७५/७६ मा सञ्चालन गरिने **टोड्के कुपिण्डे सेमजोङ सडक**को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको **टोड्के कुपिण्डे सेमजोङ सडक** स्तरोन्नती गर्ने कार्य शिलवन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाली निर्माण व्यवसायीवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिएको छ।

यो सूचना प्रथम पटक प्रकाशित मितिले ३०औं दिनसम्म तल उल्लेख गरे बमोजिम PPMO को WEBSITE:www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्याई E-Bidding मार्फत आ.व. ०७५/७६ सम्मको लागि नविकरण भएको इजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र र आ.व.०७४/७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छूक कम्पनी वा निर्माण व्यावसायीहरुले बोलपत्रमा सहभागि हुने बोपत्रदाताहरुले बोलपत्र फारम दस्तुर बापतको रकम यस कार्यालयको रा.बा. बैंक धादिङशाखामा रहेको संचित कोष खाता नं. १०३०३०४०१८१०९ मा जम्मा गरि सो को भौचर समेत स्क्यानिङ्ग गरि अपलोड गर्नु पर्नेछ।

१) E-Bidding गर्ने बोपत्रदाताहरुले बोलपत्र खोलेको ७ दिनभित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन।

२) सूचना प्रकाशित मितिले ३१औं दिनको १२:०० बजेसम्म Upload गरी सक्नु पर्ने छ। दर्ता हुनआएका शिलवन्दी बोलपत्र सोहीदिनको २:०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन।

३) बोलपत्र फारम साथ उल्लेख भए अनुसार जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंकको धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं. १०३०३०३०००७१०९ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको मान्यताप्राप्त वैंकबाटप्राप्त वैक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्ने छ।

४) निर्माण व्यावसायीहरुले बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्रोसंग बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिनेछ।

५) बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम बराबरको नगद, वैंक भौचर वा सो बराबरको कम्तीमा एक वर्पको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।

७) कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्न सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

९) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पार्टीमा टांस गरिने छ।

१०) अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६३ सार्वजनिक खरिद ऐन २०६४(संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित), अनुसार हुने छ।

११) बोलपत्र सम्बन्धी थप जानकारीका लागी नेत्रावती डबजोङ गाउंपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्रफारम दस्तुर |
|---|---|---|---|---|
| १४/०७५/७६ | टोड्के कुपिण्डे सेमजोङ सडक स्तरोन्नती गर्ने कार्य | ८८,७०,८०१,७६।०० | ३,०१,०००।०० | ३०००।०० |

डिलमान आचार्य
प्रमुख प्रशासकीय अधिकृत